परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक


वर्ष ९ | अंक ७ | २०७७ भाद्र २१ गते आईतवार | Sunday 6, SEP, 2020 | पृष्ठ: ६, | मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## मेदान्ता अस्पतलका डाक्टर साहको आत्महत्या नभई हत्या भएको आमाको आरोप

विराटनगर । मेदान्दा अस्पताल मा कार्यरत नेपालको डाक्टर सुजित कुमार साहले छतवाट हामफलेर आत्महत्या गरेको भन्दै भारतीय संचार माध्यमहरु वताएपनि साहको आमा फुलकुमारी साहले मेरो छोराको आत्महतया नभई हत्याको वताएको छ ।







विराटनगर महानगर पालिका वडा नं. १३ आश्रम टोल बस्ने बुवा नरेन्द्र प्रसाद साह र आमा फुलकुमारी साहको दुई छोरा मध्ये कान्छो छोरा डा. सुजित कुमार साहले गुरुग्रामको सेक्टर ४७ को आठौ तल्लावाट हामफालेर १६ गते मंगलवार अर्थात सेप्टेम्वर १ तारिक राती ३ बजे आत्म हत्या गरेको भारतीय संचार माध्यमले लेखेको भएपछि त्यसो नभई श्रीमतीले नै हत्या गराएको आमाको दावी छ ।

सो घटनाको विषयमा साहको आमाले शुक्रमार नै मेरा छोरोका हत्या भएको भन्दै निष्पक्ष छानबीनको लागि पहल गरी दिन राष्ट्रि मानव अधिकार आयोग प्रदेश नं. १ कार्यालय विराटनगरमा निवेदन दर्ता गराई बाद्धार्थ इन्सेक, एलिट क्लब, नेपाल पत्रकार महासंघ मोरंग, मुख्यमन्त्रीको कार्यालय विराटनगर, विराटनर महानगर पालिका र मानव अधिकार संञ्जाल समेतलाई दिएको छ ।

एसियाकै अब्बल अस्पतालको रुपमा रहेको मेदान्ता अस्पतालको कलेजो प्रत्यारोपण विभागको सर्जन डा. साहले रोवर्टको माध्यमबाट कलेजो प्रत्यारोपण गर्ने चिकित्सकका रुपमा कार्यरत थिए । डा. साहले १० वर्ष अगाडी एक पंजाबी लक्ष्मी संख्यान साहसंग बैवाहिक जीवनमा बाधिएका

वांकी अन्तिम पेजमा...

## कोरोना संक्रमण दिनदिनै बढ्दै

विराटनगर । कोरोनाका कहर विश्वमा जसरी देखिएका छ सोही हराहरीमा नेपालमा पनि कोरोन कहर दिन प्रतिदिन बढ्दै गई रहेको छ जसले गर्दा सरकारलाई कोरोना संक्रमितको व्यवस्थापनमा चुनौति देखिएको छ ।

कोरोना संक्रमणको अग्रपंक्तिमा खटिएका स्वास्थ्य कर्मी र सुरक्षा कर्मीहरु नै संक्रमित हुन थालेपछि चुनौति बढेको छ । प्रतिदिन सरधर १ हजार कोरोना संक्रमित थपिदै गएकोले त्यसलाई व्यवस्थापनका लागि आइसोलेशन वेडको समेत अभाव, आसीयू वेडको अभाव देखाउँदै होम आइसोलेशनमा संक्रमितलाई बस्न भने पछि स्थिति झन गम्भीर हुन सक्छ ।

नेपाल जस्तो गरीब मुलुकमा संयुक्त परिवारको आवधारणले एउटै घरभित्र दर्जनौ बसेका हुन्छ र सवैले प्रयोग गर्ने चर्पी र बाथरुप एउटै भएकोले संक्रमित झनै समुदाय स्तर सम्म फलिन्छ ।

नेपालमा पहिलो संक्रमित देखिएको माघ १० गते देखि अहिले सम्मको ६ महिनाको अवधीमा ४५ हजार २ सय ७७ जना संक्रमित भई सकेका छन् । जस मध्ये २७ हजार १ सय २७ जाना कारोनावाट मुक्त भएका छन् । कोरोना संक्रमणकै कारण २ सय ८० जनाको मुत्यु भई सकेको छ ।

त्यसैगरी प्रदेश १ मा कुल संक्रमितको संख्या ३ हजार ८ सय ७९ पुगेको छ जस मध्ये १ हजार ८ सय ३५ जना निको भई घर फर्केका छन् भने ३९ जनाको मृत्यु भएका छन् ।

कोरोनाको संक्रमण खास गरी

वांकी अन्तिम पेजमा...

## पूर्व राष्ट्रिपति प्रणव मुखर्जीको निधन



विराटनगर । कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमितसमेत बनेका भारतका पूर्व राष्ट्रपति प्रणव मुखर्जीको सोमबार नयाँ दिल्लीस्थित आर्मी आरआर अस्पतालमा निधन भएको छ । सोही अस्पतालमा उनले मस्तिष्क को सर्जरी पनि गरिएको थियो ।

मंगलबार राती मुखर्जीको स्वास्थ्यअवस्था कमजोर बन्दै गएपछि उनलाई भेन्टिलेटरको सहायतामा राखिएको थियो । उनका छोरा अभिजित मुखर्जीले सामाजिक सञ्जाल ट्विटरमार्फत् उनको निधन भएको पुष्टि गरेका हुन् ।

मुखर्जी सन् २०१२ देखि २०१७ सम्म भारतको राष्ट्रपति, सन् २००९ देखि २०१२ सम्म रक्षामन्त्री र सन् २००४ देखि २००६ सम्म विदेशमन्त्री को पदभार समालिसकेको थियो ।

## ठूलो परिणामको लागु औषध गाजा बरामद

विराटनगर । सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट जोगवनीले आज बेलुका ठूलो परिणमको लागु औषध गाजा बरामद गरेको छ ।

भखरै स्थापना भएको आउट पोस्टबाट खटेको मोबाइल गस्ति टोलीले नेपाल बाट भारत तर्फ़ ट्र्याकटरमा सेट गरेर लादैगरेको ठुलो परिमाणको लागुऔषध गाजा नियन्त्रणमा लिएको छ ।

बिराटनगर महानगर पालिका वडा नं. १७ आईसीपि जाने बाटो भएर को २ त ६०५७ नम्बको ट्र्याकटरको पछाडीको ट्रलीमा फ़ल्स बटन बनाएर त्यस भित्र लुकाई राखेको विषेश सुराकीको आधारमा १ सय २६ प्याकेटमा रहेको १ सय ४६ केजी लागुऔषध गाजा र ट्र्याकटर सहित नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी निरिक्षक मौसम पोखरेलको नेतृत्वमा रहेको सशस्त्र प्रहरी बल नेपाल नं. ९ गुल्म

वांकी अन्तिम पेजमा...

## जुवाडेबाट तीन लाख बरामद

विराटनगर । घरमै तास खेली रहेको १२ जना जुवाडेहरुलाई पक्राउ गरी २ लाख ८९ हजार ५ सय ३१ रुपियाँ सेमत बरामद गरेको छ ।

प्रदेश नं. १ मोरङ जिल्लाको कानेपोखरी गाउँपालि वडा नं. ५ चालिसबिघे स्थित रहेको एक घरमा तास खेलीरहेको अवस्थामा १२ जुवाडे पक्राउ परेका छन् ।

पक्राउ पर्ने जुवाडेहरुमा झापा अनारमुनीका बिमल गुरुङ, संजिव भघनी, हल्दिबारीका तारा कुमार जोगी, झापा बुद्दशान्तीका श्याम लिम्बु, मनिष लिम्बु छन ।

त्यसै गरी मोरङ बेलबारीका बिमल गुरुङ, चन्द्र लिम्बु, कृष्ण लिम्बु, लेटाङ नगरपालिका वडा नं. ५ का समिर तामाङ, जिल्ला सुनसरी धरान उपमहानगर पालिकाका रुपजंग लिम्बु, किरङ उदास र राजन पौडेल रहेका छन ।

किशोर लुईटेलको घरमा जुवा तास खेलीरहेको भन्ने विशेष सुराकका आधारमा बुधवार ईलाका

वांकी अन्तिम पेजमा...

## एक साताको लागि निषेधाज्ञा

विराटनगर । मोरंग जिल्ला प्रशासनले पुन : एक साताको लागि खुकुलो प्रावान सहितको निषेधाज्ञा जारी गरेको छ ।

आज थप गरिएको निषेधाज्ञा साउन २२ गते सम्म लागु हुने जिल्ल प्रशासन कार्यालय मोरंगले जनाएको छ ।

सार्वजनिक सवारी साधनमा रोक लगाउदै निजी नम्बरका सवारी साधनहरु जोर विजोर गरी संचालनमा गर्न सकिनेछ । स्थानीय बजारमा भने सिटी रिक्शालाई खुल्ला पारिएको छ । बजार तथा पसल अब ४ बजेसम्म खुल्ला हुने भएको छ । मोरंग प्रशासनले शनिबार भने अत्यावश्यक बाहेकका पसल सञ्चालामा रोक लगाएको छ ।

सरकारी कार्यालयले आलोपालो गरी न्युनतम् संख्यामा कर्मचारी राखेर भदौ २१ गतेबाट तालिका अनुसार सेवा सञ्चालन गर्नुपर्ने भएको छ । उद्योगहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर सञ्चालन गर्न पाउने भएका छन् । जिल्लाभर राति ९ बजेदेखि विहान ५ बजेसम्म हिँडडुल गर्न प्रतिबन्ध लगाइएको छ ।

निषेधाज्ञाको अबधिमा सैलुन, ब्युटीपार्लर, गुद्रीबजार, हाटबजार, जीमखाना लगायत भने खोल्न

वांकी ३ पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## पर्दाभित्रको...

पुगेकाहरुले कण्ठ गरेको कम्युनिस्ट पार्टीको आदर्श गाउँका मानिसलाई सुनाउँछ । र त्यही भ्रममा गाउँठाउँका धेरैले कम्युनिस्टको बारेमा धारणा बनाएका छन् जुन यथार्थभन्दा धेरै पर छ ।

आज खेती लगाउने सिजनमा मलको अभाव छ । तर मार्क्सवादी विचारक कहलिएका मन्त्री मौन छन् । आज ठेकेदारहरुलाई सिन्डिकेटमा ठेक्का दिएर अर्बौंको लुटको तयारी छ तर कोही बोल्दैनन् । आज जनताको स्वास्थ्य र नेताको स्वास्थ्यका दुईथरी उपचार छ । यसको विरोध कोही गर्दैन । आज भ्रष्टचारीलाई जोगाउन स्वयं प्रधानमन्त्रीले पूरा ताकत लगाउँदा पनि सबै मौन छन् । आज अर्थमन्त्रीले एउटा खास व्यापारिक समूहलाई फाइदा दिन चकलेटमा कर छुट दिन्छन् तर साना नानीहरुले खाने दुधमा कर लगाइदिन्छन् । दलभित्रका सबै नेता चुपचाप बस्छन् । आज अदालतमा समेत बिचौलियाको जगजगी छ तर थाहा नपाए झैं बसिदिन्छन् नेताहरू ।

गाउँगाउँका जनताले जान्नुपर्छ कम्युनिस्टको नाममा गाउँगाउँमा पुग्ने तालिम सामग्री र अन्य नारा त भन्ने कुरामात्रै हुन् । गर्ने कुरा त अरू नै छन् । नेपालका नवधनाढ्यहरुको सूची तयार पार्ने हो भने त्यसमा ९० प्रतिशत त कम्युनिस्ट नेताहरु नै पर्छन् होला । त्यो वर्ग रुपान्तरण वर्ग संघर्षको नाफा हो ।

काठमाडौंका निष्ठावान कम्युनिस्टहरुको वृत्तमा एउटा भनाइ चर्चित छ – आज सत्तामा बसेका कम्युनिस्टहरु जे गर्छन् पैसा खाएर गर्छन् र जे गर्दैनन् पैसा खान नपाएर गर्दैनन् । यो भनाइ पुष्टि गर्न धेरै पर जानै पर्दैन । कम्युनिस्ट नेता पूर्वप्रधानमन्त्रीहरु माधव नेपाल र पुष्पकमल दाहालले नै समय समयमा बोलेका कुरामा यसको प्रष्ट छनक पाइन्छ ।

अब कुरा गरौं कम्युनिस्टहरुको असली चरित्र बुझाउन तमाम दोहोरो चरित्रवाला यथार्थ र प्रश्नहरु लिएर गाउँमा जाने को? कस्ले यो भ्रम तोड्ने ? त्यो दायित्व त प्रजातान्त्रिक शक्तिहरुको थियो र हो । अझ भनौं अहिलेको सन्दर्भमा प्रमुख प्रतिपक्षी दलको हो । तर, प्रतिपक्षी दलको मूल नेतृत्व आफैं भुत्ते भएको छ । गाउँघरका जनताको चासो र चिन्ताले कम्युनिस्ट नेताहरुलाई जति छुँदैन त्यति नै कांग्रेसका शेरबहादुर देउवालाई पनि छुँदैन । कहिलेकाँही त यस्तो लाग्छ गाउँघरका जनताको दुखसँग उनी बेखबर छन् । उनले पनि दलमा तिनै बिचौलिया, ठेकेदार र भक्त समूह न भित्र्याएका छन् । नैतिकरुपमा कम्युनिस्टहरुको दोहोरो चरित्र, बिचौलिया पथ र दलालीलाई उदांगो पार्नसक्ने हैसियत शेरबहादुर देउवा र कांग्रेसका अधिकांश नेतामा देखिँदैन । बाह्रखरी अनलाइबाट

## मेढान्ता...

थिए । साह दम्पतीको ६ बर्षका एक छारी अनाईसा रहेको छ ।

डा. साहको श्रीमति पनि हर्टको डाक्टर छ । उनी पश्चिम बंगालको एक अस्पतालमा कार्यरत रहेको छ । केही महिना देखि श्रीमान् श्रीमती बीच भएको तनावको कारण श्रीमतिले डिभोर्सको लागि एफआईआर गरेको र त्यसको म्याद आई श्रीमानले पनि प्रतिउत्तर जोड्नु पर्ने दिन नै आत्म हत्या गरेको छ ।

डा.साहको आमाले भने 'अरुको ज्यान बचाउने मेरो छोरा आत्महत्या गर्न सक्दैन' किन कि एक दिन पहिले सोमम्बार राती छोरासंग राम्रै कुरा भएको थियो सवै ठीक छ भन्यो तर त्यही ठीछ भन्ने शब्दै अन्तिम भएको आंशु झार्दै आमाले वताए ।

डा. साह जनकपुरको जानकी आवासीय माध्यमिक विद्यालयबाट एसएलसी, सेन्ट जेभियर्स कलेज माइतीघरबाट आइएसी, मणिपाल मेडिकल कलेज पोखराबाट एमबीबीएस चण्डीगढबाट छात्रवृत्तिमा एमएस र एम्सबाट कलेजो प्रत्यारोपण सर्जरीमा एमसीएच गरेका थिए ।

## ठूलो...

हेक्वाटर (राजस्व तथा भन्सार सुरक्षा गस्ति) रानी बाट परिवर्तन भई अहिले सशस्त्र प्रहरी निरिक्षक को नेतृत्वमा सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट जोगबनि को बिओपि प्रमुख पोखरेले ठुलो परिमाणमा लागुऔषध गाजा बरामद गरेको छ ।

## जुवाडेबाट...

प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई पक्राउ गरेको हो । पक्राउ परेका १२ जना लाइ ईलाका प्रहरी कार्यालय पथरीबाट कानुनी कारबाही अगडी बढाईएको उक्त कार्यालयले जनाएको छ ।

## एक साता...

नपाइने भएको छ । यस्तै भेला, महोत्सव, जात्रा जस्ता सामूहिक गतिबिधि, गर्न पनि रोक लगाईएको छ ।

कोरोना महामारी अझै नियन्त्रणमा नआएको र निषेधाज्ञाले दैनिक जनजीवन पनि कष्ठकर भइरहेकोले जीवनयापन सहज बनाउनेगरी निषेधाज्ञाको मापदण्ड परिमार्जन गरिएको प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले वताए ।

# कोरोना भइरस कोभिड-१९ को प्रवाह नगरी मलको लागि किसानहरुको भिड



विराटनगर । किसानले लगाएको बालीमा आबश्यक पर्ने यूरीया मलको लागि दिनहूँ किसानहरु कोरोना भाइरस (कोभिड-१९) को प्रवाह नगरी कृषि मल वितरण गर्ने सहकारीमा भिड लगाउने गरेका छन् ।

केही दिन देखि विराटनगर महानगरपालिका वडा नं. ७ मा रहेको कदमा सहकारीमा केही दिन देखि किसानहरुको भिड लाग्ने गरेको छ । विराटनगर धरान सडकमा रहेको

युरिया मलको अभावले गर्दा यो वर्ष धानमा गोभारा लाग्ने किसानमा चिन्ता छ । कृषिको लागि प्रत्येका वर्ष ठूलै बजेट छुट्याएको हुन्छ तर त्यो बजेट चाहि नक्कली किसानहरुले सखाप पर्छन र कृषि मलमा पनि केही विचौलियाहरुले अभाव सृजना गरी अध्याधिक मुल्य लिने गरेका किसानहरुको भनाई छ ।

अहिले मलको अभाव भएपछि प्रधानमन्त्रीको आग्रहमा बंगलादेशले नेपाल सरकारलाई मल पैचो दिन तयार भएको छ । मल ल्याउने ठेक्का पाएको नेपाली ठेकदारले समयमै मल ल्याउन नसकेपछि सरकारले तत्कालको अभाव पूर्ति गर्न बंगलादेशसँग मल पैंचो मागेको छ ।

नेपाललाई तत्काल उपलब्ध गराउन सक्ने गरी ५० हजार मेट्रिक टन मल दिन बंगालदेश सकारात्मक भएको छ । उक्त मल आएपछि किसानले राहत पाउने छ ।

## कोरोना...

भारतसंगको सिमाना जोडिएका जिल्लाहरु र काठमाण्डौ उपत्यकामा तिब्रगतिमा बढि रहेको छ । कोरोना संक्रमणको जुन अनुपातमा बृद्धि भई रहेको छ सोही अनुपातमा सरकारले व्यवस्थान गर्न सकि रहेका छैन ।




**कोभिड -१९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनिकरणका लागि निम्नानुसार गरौं ।**

- सेवा प्रवाहमा विभेद नगरौं ।
- पहुँचवालाको काम तत्काल हुने र पहुँच नहुनेको कामको लागि निरन्तर धाउनुको विकल्प नहुनुको संस्कृति तत्काल हटाऔं ।
- गैह्रकानुनी लाभका लागि जस्तो सुकै कार्य गर्ने प्रवृत्तिले ल्याएको सामाजिक विचलनलाई परास्त गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरबीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकः श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### कोरोनाबाट बच्न आफै सचेत रहौं

कोरोना भाइरस सर्व प्रथम चीनको वुहानवाट डिसेम्बर १० वाट फैलिएको करीब ९ महिनामा विश्वको सवै देशमा कोरोना संक्रमण देखि सकिएको छ । विश्वको अर्थतन्त्रलाई कोरोनाले ठप्प पारी सेको छ भने कतिपय मुलुकमा कोरोना भाइरसको कारण महिनौ सम्म भई रहेको लकडाउन र निषेधाज्ञाले दैनिक ज्यालामजदुरी गर्नेहरु आत्म हत्या गर्ने बाध्य भई रहेको छ । विगत ९ महिना देखि धेरै देशका वैज्ञानिकहरुले कोरोना भाइरसको भ्याक्सीन (खोप) वनाउन लागी परेका छन् तर कुनै उपलब्धी छैन । अहिले विश्व भर नै कोरोना भाइरस (कोभिड-१९) पोजिटभ र नगेटीभका चक्कर चलि रहेको छ । केही आयूवेदिक डाक्टर बैद्यहरुले कोरोना भइरसको नगेटीभ र पोजिटिभको चक्करलाई बन्द गर्नु पर्छ भन्ने भनाई आई रहेको छ । कोरोना भाइरस पोजिटिभ र नगेटिभको चक्करले विश्वका अर्थतन्त्र धरापमा पारि सकेको छ । यस्तो अवस्थामा नयां विकल्पका साथ अगाडी वढ्नुको विकल्प छैन ।

आमनागरिकको बढो राम्रो प्रश्न छ । कोरोना भइरस पोजिटिभ भए के हुन्छ ? के कोरोना भाइरसको भ्याक्सीन वा औषधी छ ? छैन, कुनै उपचार पद्यती छ ? छैन, उपचार के छ ? केही छैन, साधारण माक्सले भाइरस छेक्न सक्छ ? सक्दैन । हाम्रो देशमा रुघाखोकी त विना औषधी ठीक हुँदैन भने कोरोना पोजिटिभ मान्छे कसरी नगेटिभ हुन्छ ? कसैलाई पनि थाहा छैन । कोरोना लागेको व्यक्तिको मृत्यु पक्का हो ? होइन । कुनै रोग नलागि कन कोरोनाका संक्रमणवाट मात्रै कुनै संक्रमितको मृत्यु भएको छ ? छैन । त्यसो भए रोगका कुनै लक्षण नदेखिएको स्वस्थ्य व्यक्तिहरुलाई जबरजस्ती तँ विरामी होस भन्न कति जायज हो ? के आज नगेटिभ देखिएको व्यक्ति भोली पोजिटिभ हुँदैन ? ल्यावै पिच्छे फरक रिपोर्ट पनि आएकै छ । त्यसैले संचारमाध्यमहरु द्धारा भ्रम फैलाउन र आतक मचाउने समाचार आनु भएन । कोरोना सम्बन्धी सकारात्मक समाचार लेखन आवश्यक छ ।

पृथ्वीमा करोडौ प्रकारका भाइरस छन् मानिसले पचाएको छ पचाउने प्राकृतिक शक्ति हामीसंग छ । यदि कोरोना भाइरसवाट लुकी लुकी बस्ने हो भने मानव सभ्याता नै नष्ट हुन सक्छ । त्यसलै कोरोनको भ्रमलाई चिर्नको लागि आम नागरिक आफैमा संचेत र जागरुक हुन आवश्यक छ । भौतिक दुरी कायम राख्नु पर्छ । हातको सरसफाईमा ध्यान दिनु पर्छ । पौष्टक आहारको सेवन गर्नु पर्छ । स्वास्थ्य सावधान कुनैपनि रोगमा अपनाउनै पर्छ । त्यसैल कोरोनाबाट बच्न पनि आम नागरिक आफ संचेत हुन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:साताको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# कृषि तथा यूवा स्वरोजगार : अबको आधार

धर्मेन्द्र झा धिरु

विषय प्रवेश :

वर्तमान परिवेशमा विश्वकै सम्पूर्ण अंग कोरोना (कोभिड-१९) को शिकार हुनपुगेको छ । त्यसमा नेपाल अछुतो रहने सवालै भएन । नेपालमा पनि २०७६ चैत्र ११ देखि कहिले अलि खुकुलो त कहिले अलि कडा बन्दाबनदी (लकडाउन) हुँदै आएको छ । अर्थ व्यवस्थाको तहसनहस भएको छ । सरकारका तीनै तह कोरोना कहरसंग युद्धस्तरमा लडेपनि निरिह साबित भएको छ । यो अवस्था कहिले सम्म चल्ने हो कसैले अडकल गर्नसकने परिस्थितिमा छैन । परनिर्भर रोजगार भएको हुँदा बेरोजगारको अवस्था भयावह हुँदैगईरहेको छ । वैदेशिक रोजगार बाट युवाहरु देश फिर्ता भएकै भएछ । नेपालबाट वैदेशिक रोजगारमा जाने प्रायः युवा अदक्ष जनशक्ति हुन् । जो कृषि वा निर्माण वा अन्य अदक्ष काममा मात्रै लाग्ने गर्छन् । अव यसरी फर्किंदै गरेका र नेपालमै बेरोजगार भएर बसेका जनशक्तिलाई काहाँ व्यवस्थापन गर्ने भन्ने चुनौति छँदैछ । त्यसमा सरकारको समृद्ध राष्ट्र बनाउने योजनामा चुनौती थपिदै गईरहेको छ । जनचाहना अनुसारको समृद्धि ल्याउने प्रयास बिभिन्न राजनीतिक, सामाजिक, ऐतिहासिक र शासन कालखण्डमा भएकै हो । तर जनचाहना पूरा हुन सकेन । र त्यहि चाहना पूर्तिका लागि समय समयमा आन्दोलन र क्रान्तिहरु भइरहे । सत्ताका अध्यायहरु परिवर्तन पनि भइरहे । बिशेषगरी बि.सं. २०६२ को दशकमा भएको आन्दोलनहरुले नेपालको राजनीति तथा संबिधानमा व्यापक परिवर्तन ल्याए । जसको परिणम स्वरुप संघीय लोकतान्त्रिका गणतन्त्रात्मक शासन व्यबस्था नेपालको संबिधान २०७२ मा कायम भयो । जसद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पूरा गर्ने संकल्प गरियो । नेपाल सात प्रदेशमा बिभाजन भए । र एकात्मक तथा केन्द्रिकृत शासनको अन्त भयो र हाल प्रदेश सरकारहरु देशको समृद्धिका लागि कार्यरत छन् । देशका तीनै तह केन्द्र, प्रदेश र स्थानिय सरकार विकास तथा नीति-नियम बनाउने दौडमा लागि परेका छन् । तर न कुनै नेता न जनता न व्यापारी न कर्मचारी त्यति उत्साहित देखिन्छन् । सबैमा अन्यौलता झल्किन्छ । कारण सबैको अपेक्षा बढी भएको छ । विकास र समृद्धि अचानक वा छोटो समयमै देखिने कुरो पनि होइन । तर विश्वव्यापीकरणको प्रभावले गर्दा जनताको अपेक्षा विश्वस्तरको जीवनस्तर होस् भन्ने छ । फेरी विकासलाई बुझ्ने सबैका आ-आफ्नै चिन्तन हुन्छन् । वास्तवमा भन्ने हो भने विकास भनेको कुनै कुराको सकारात्म परिवर्तन नै हो । जुन ठाउँ परिवेश र व्यक्ति अनुसार फरक फरक हुन सक्छ । त्यसैगरी समृद्धिलाई देशको सर्वाङ्गिन विकास बुझ्नु पर्छ । जसमा देशको सामाजिक, आर्थिक, सांस्कृतिकको दिगो विकास पर्छ । कुनै पनि राज्य समृद्ध हुनलाई शिक्षा, स्वाश्थ्य, विकासका पूर्वाधार, नागरिकको जीवनस्तर, लोकतन्त्र, आर्थिक, सामाजिक, राजनैतिक पक्ष सवल हुनुपर्छ ।

बिभिन्न प्रदेशहरु मध्ये कुनै एउटा प्रदेशलाई पात्रको रुपमा विश्लेषण गर्दा देशको समृद्धिका आधार प्रष्ट हुन सक्छ । त्यहि भएर यहां पंक्तिकारले प्रदेश नं. २ लाई एक पात्रको रुपमा विश्लेषण गरेको छ । भौगोलिक दृष्टिकोणले सबभन्दा सानो तर जनधनत्वको हिसावले सबभन्दा बढी रहेको प्रदेश हो प्रदेश नं. २ यसको जम्मा क्षेत्रफल ९६६१ वर्ग कि.मि, जनसंख्या ५४, ०४,१४५, जनघनत्व ५५९ प्रति वर्ग कि.मि. र साक्षरता ४९.५१ प्रतिशत रहेको छ । तर विडम्बना यस प्रदेशका लगभग २,२४,४७९ उर्जाशील युवा बिभिन्न देशमा आफ्ना श्रमपसिना बगाउन बाध्य छन् । प्रत्येक दिन १५/१६ सयको हाराहारीमा अनुकुल अवस्थामा युवा विदेश पलायन भइरहेको छ । र यहाँ व्यपार घाटा बढेको बढेछ । राज्यले लाजमर्दो आकँडामा बाहिरबाट दैनिक उपभोग्यका खाद्य तथा अन्य बस्तुहरु आयत गर्नु परिरहेको अवस्था छ । यी दूइटै कुरालाई नियन्त्रण नगरी समृद्धि आउन सक्दैन । समृद्धिका धेरै आधारहरु भए पनि यहाँको लागि एक मात्र आधार कृषि नै हो । समृछि ल्याउन कृषिलाई विकासका विभिन्न अवयवहरुसंग जोड्दै केही ठोस लोकोलाइज्ड योजनाहरु बनाउनुपर्छ । जसले युवाहरु आफ्नै देशमा स्वरोजगार हुन्छ र राज्यलाई दिगो विकासको बाटो हुँदै समृद्धी दिन्छ ।

समृद्धिका आयाम :

कुनै पनि राज्यमा समृद्धि ल्याउन सर्वप्रथम त्याहाँका स्थानीय स्रोत-साधान, जनशक्ति, ज्ञान तथा प्रबिधिलाई पहिचान गर्नु पर्छ । र ती सबैलाई बढी भन्दा बढी सदुपयोग गर्नुपर्छ । अहिलेका तीनै तहका सरकार लगभग स्थिर सरकार नै हो । यी सरकारले दूरगामी तथा दिगो विकासका योजना बनाएर अगाडी बढ्नु पर्छ । यस प्रदेशका समृद्धिका मुख्य आधार आधुनिक कृषि, पर्यटन तथा स्थानीय जनशक्ति र प्रबिधिको उपयोग नै हुन् । कुनै पनि बिकासोन्मुख राष्ट्र विकसित राष्ट्रको उत्पादन संग प्रतिस्पर्धा गर्न सक्दैन । तर आफ्नो खास उत्पादनले विश्वसामु बलियो भएर उपस्थित हुन सक्छ । दैनिक आवश्यकताका सामाग्री उत्पादन गरी आयातका रकम बचाउन सक्छ ।

नेपाल सरकारको ठूलो रकम दैनिक उपभोग्य बस्तुको आयातमा खर्च हुन्छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अनुसार राज्यलाई वर्ष भरिमा ६१ लाख टन धान आवश्यक पर्छ । जसमध्ये राज्य आफैले गत वर्ष ५६ लाख १० हजार टन धान उत्पादन गऱ्यो । जुन पछिल्लो वर्ष भन्दा ४ लाख ४६ हजार टन उपादनमा बृद्धि गरेको छ । तर अहिले पनि लगभग ५ लाख टन धान अपुग रहेको छ । प्राप्त तथ्याङ्क अनुसार नेपालले सन् १९६१ देखि १९८१ सम्म बिभिन्न देशमा ३५० हजार टन धान निर्यात गर्थ्यो । तर सन १९८१ पश्चात ४०० हजार टन सम्म धान आयात गर्नु परिरहेको छ । त्यसै गरी अन्य उपभोग्य बस्तु (तरकारी, दाल, माछा, मासु ) ठूलो मात्रामा आयात गरिरहेको छ । हुन त प्रदेश नं. २ ले यस वर्ष १,०५,०४४ टन धान उत्पादन गऱ्यो । जुन राज्यको जीडीपीमा ठूलो योगदान हो ।

कृषिमा व्यापक रुपान्तरणको खाँचो छ । आधुनिक कृषि योजनालाई प्राथमिकतामा राख्ने समय आएको छ । कृषि केन्द्रित योजनाले रोजगारको साथै दैनिक उपभोग्य बस्तु आयात वापतको ठूलो रकम अन्य विकास पूर्वाधारको काममा प्रयोग गर्न सकिन्छ । सिंचाइको न्यून सुबिधा भए पनि ४०१.९०६ हेक्टरमा प्रदेश नं. २ ले सबै प्रदेश भन्दा बढी धान उत्पाद गरे । यहाँको उर्वरा भूमिलाइृ पूर्ण सिंचित बनायो भने कुनै युवालाई खाडीमुलुकमा पसिना बगाउनु पर्ने बाधयता रहदैन । र प्रदेश समृद्धिको बटोमा लम्किन सक्छ । राज्यले वार्षिक ५ लाख युवालाई रोजगार दिने घोषणा गरेको अवस्थामा रोजगार सिर्जना भई नरहेको अवस्था छ । यस्तो अवस्थामा सरकारले कृषि रोजगारलाई बढावा दिन सक्छ । अन्य शिपको अभाव भए पनि कृषि जनशक्तिले भरेको मुलुकले कृषि रोजगार सिर्जना गर्नुको विकल्प छैन । र यो राज्यको लागि सहज पनि छ । नेपाल कृषि प्रधान देश भएको हुनाले कृषिमा काम गर्ने क्षमता प्रायः सबैमा रहेको देखिन्छ । कृषिबाट वर्षभरी घर परिवार थेग्ने परिवार संख्या नेपालमा थोरै भए पनि ८० प्रतिशतको हाराहारीमा कृषि पेशामा संलग्न रहेको तथ्यांकमा देखिन्छ । त्यसको एकमात्र कारण हो अदक्ष जनशक्ति आफुलाई कृषि पेशा भन्नु । सरकारी तथा गैरसरकारी कर्मचारी बाहेक सबैले आफूलाई किसान नै भन्ने गर्छन् । वास्तवमा प्रत्यक्ष अप्रत्यक्ष गरी नेपालका ६५ प्रतिशत जनता कृषिबाटै जीविकोपार्जन गर्छन् । अव यसलाई प्रभावकारी बनाउने समय आएको छ । जवकी नेपालमा अपबाद बाहेक परम्परागत शैलीमै जीविकोपार्जनका लागि गरिने टुक्रे कृषि प्रणाली छ । अहिले सम्म कृषि पूर्ण रुपले आधुनिकता र व्यबसायीक कृषि प्रणालीमा प्रवेश गर्न सकेको छैन । जसले गर्दा कृषि आफैमा विकर्षणका पात्र बनेको छ । धेरै जग्गा बाँझो रहेको अबस्था छ । कृषि भन्दा गैह्–कृषिकार्य तथा बैदेशिक रोजगार तर्फ आकर्षण बढ्दै गएको छ । जुन दिगो विकासको ठूलो वाधक हो । दिगो विकास हुनलाई आफ्नो स्रोत साधन प्रयोग गरी आफ्नो उत्पादन बढाउनु पर्छ । जसले आफ्नै मौलिक स्वारोजगार सिर्जना गर्छ । यसले परनिर्भरता पनि घटाउँछ । रेमिटान्सको आशामा देशकमो अर्थ व्यबस्था चल्दैन र बैदेशिक रोजगारको भरमा घर परिवार तथा समाज चल्दैन । समृद्धिका लागि आफ्नै देशमा माटो सुहाउँदो रोजगार सिर्जना गर्नुपर्छ ।

पंक्तिकारले कृषि रोजगार सिर्जना गर्न एउटा प्रस्ताव प्रस्तुत गरेको छ । नेपालको संबिधान २०७२ ले मौलिक हकमा रोजगारीको ग्यारेण्टी गरेको छ । रोजगारी दिन नसके भत्ता दिनुपर्ने उत्तरदायित्व

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# सामाजिक अभियन्ता यूवाहरु द्धारा विपन्नलाई सहयोग

जहदा । कोरोना भाइरसको कारण निरन्तर भईरहेको लकडाउन, निषेधाज्ञाले घर संचालन गर्न अप्ठ्यारोमा परेका अति विपन्न परिवारलाई शनिवार खाद्यान सहयोग गरेको छ ।

जहदा गाउंपालिका वडा नं. १ का यूवा अभियन्ता जगरनाथ राय र टिका विसुनकेको पहलमा सोही वडाको असाहय, गरीब, अपाङ्ग, एकल महिला लगायतका परिवार हरुलाई खाद्यान सहयोग गरेको हो ।

सहयोग स्वरुप चामल, दाल, नुन, तेल, स्वायविन, लुगाधुने र नुहाउने साबुन, माक्स र टुटी सहितको पानी राख्ने बाल्टीन वितरण गरेको छ ।



उक्त सहयोग उपलब्ध गराउने समाजसेवी, संघ, संस्थालाई अभियन्ता राय र विसुनकेले हार्दिक अभार प्रकट गर्दै अगामी दिनमा पनि सहयोग उपलब्ध गराई समाज सेवामा समर्पित रहन प्रोत्साहित गरी दिन आग्रह समेत गरेका छन् ।

स्थानीय तहवाट कुनै सहयोग नपाएको तर गाउंकै यूवाहरुवाट खाद्यान सहयोग पाएकोमा विपन्न परिवार खुशी भएको थिए ।

# पानीमा डुबेर दुईको मृत्यु

बिराटनगर । प्रदेश नं. १ को सुनसरी र झापा जिल्लाका दुई स्थानमा पानीमा डुबेर एक-एक बालको मृत्यु भएको छ ।

सुनसरीको ईनरुवा नगरपालिका वडा नं. ८ बस्ने कर्मुल मियाको १२ बर्षीय छोरा बसिम मियाको घर नजिकै जमेको पानीमा शनिवार दिउँसो माछा मार्ने क्रममा डुबेर मृत्यु भएको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

त्यसैगरी झापाको भद्रपुर नगरपालिका वडा नं. ४ महेशपुर बस्ने १८ बर्षीया कमला चेम्जोङको देउनिया खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको छ ।

शनिवार अपरान्ह साँढे ४ बजेको समयमा निगुरो टिप्न गएको अवस्थामा उक्त खोलामा पौडी खेल्ने क्रममा अचानक डुबेर घाईते भएकी चेम्जोङलाई संगै गएकी साथीले देखि प्रहरी चौकी महेशपुरमा खबर गरे संगै तत्काल खटिएको प्रहरी टोलीले उद्धार गरी उपचारको लागी ओमसाई अस्पताल भद्रपुर पठाएकोमा उपचारको क्रममा अपरान्ह ५ बजे मृत्यु भएको थियो । दुबै घटनाको । सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# लागुऔषध सहित तीन पक्राउ

बिराटनगर, भाद्र १४ गते । मोरङ र सुनसरीका २ स्थानबाट नियन्त्रीत लागुऔषध सहित ३ जना पक्राउ परेका छन् ।

ईलाका प्रहरी कार्यालय बुधनगर मोरङबाट खटिएको प्रहरी टोलीले शनिवार लागुऔषध सहित २ जनालाई पक्राउ गरेको हो । गस्तिमा खटिएको प्रहरी टोलीले प्रदेश नं १-०२-०४० प ९६६८ नं को मोटरसाईकललाई चेक जाँच गर्ने क्रममा चालक गढी गाउँपालिका वडा नं. ३ सुनसरीका २७ बर्षीय सुभाष कुमार साह र पछाडी सवार रहेका मोरङ जहदा गाउँपालिका वडा नं. १ का २१ बर्षीय रुपेश यादवलाई लागुऔषध सहित पक्राउ गरेको हो । उनीहरुको साथबाट डिलेक्स-डीएल १४ बोतल रहेको थियो ।

त्यसैगरी लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले सुनसरीको भाण्टावारीबाट स्थानीय २२ बर्षीय सुसिल शर्मालाई नाईट्रोसन १०० ट्याब्लेट, एस.पी. ५ सय ५२ ट्याब्लेट र कोरेक्स १०० एम एल को ३३ बोतल लागुऔषध सहित शनिवार पक्राउ गरेको हो भने लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ । जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# कृषि......

बोकेको छ सरकारले । अहिले सम्मको अवस्था हेर्दा लक्ष्य अनुसारको रोजगार उपलब्ध गराउने त्यति सहज देखिदैन । तसर्थ आफ्नो नागरिकसंग भएको दक्षता, शिप र राज्यसंग रहेको स्रोत साधनसंग तालमेल हुने योजना बनाउनु बाञ्छनीय देखिन्छ । नेपाली समाजको परिवेश हेर्दा कृषि गर्न चाहने संग जग्गा छैन जग्गा हुनेलाई कृषि गर्नु छैन । र प्रायाजसो कृषिमा लागेकालाई उपलब्धी भएको छैन । तसर्थ कृषिलाई सरकारको प्रत्यक्ष निगरानी तथा लगानीमा आधुनिक रुपमा व्यबस्थित गर्नु पर्छ । सर्व प्रथम सरकारले जग्गा लिजमा लिई जग्गा लाई पोकेट क्षेत्रको रुपमा चक्कलाबन्दी गर्नु पर्छ । एक क्षेत्र एक वालीको अवधारणमा कृषि योजना अगाडी बढाउन सकिनछ । सबै ठाउँमा सिंचाइको पूर्ण व्यबस्था गर्नु पर्छ । र माटो सुहाउँदो व्यबसायीक रुपमा बाली लगाउनु पर्छ । त्यही कृषि कार्यकालागि करारमा कृषि मजदुर राख्नपर्छ । यसरी मासिक तलव सशर्त दिएर कृषि मजदुर राख्नुपर्छ । मासिक तलव दिएर कृषि रोजगार सिर्जना गर्न सकिन्छ । सरकारले प्रभावकारी रुपमा अनुगमन र मुल्याङ्कन गर्ने व्यबस्था मिलाउन पर्छ । कृषि कर्मचारीहरुको सुबिधा उसको कार्यक्षमता तथा कृषि उत्पादनको आधारमा गर्न सकिन्छ । जुन समूहले जस्तो उत्पादन अर्थात परफरमेन्स गर्छ त्यही मुताविक सेवा सुबिधा तथा बोनस दिने । कृषिमा सम्पूर्ण लगानी सरकारले गर्ने र उत्पादनको उचित व्यबस्थापन गर्ने । कतै धान हुन सक्छ त कतै आँप, कतै उँखु त कतै माछा, कतै तरकारी त कतै दाल त बतै विभिन्न फलफूल यसरी धेरै किसिमका उत्पादन गर्न सकिन्छ । प्रत्येक क्षेत्रमा कृषि उत्पादनसंग सम्बन्धित प्रशोधन केन्द्र अर्थात उद्योग स्थापना गर्नुपर्छ । र उत्पादित वस्तु स्वदेश तथा विदेशको बाजारमा पुरयाउनु पर्छ । र आफ्नो उत्पादनलाई बजारको माग अनुसारको बस्तु बनाई नगद आम्दानी गर्न सकिन्छ । र यसले व्यापक रोजगारी सिर्जना गर्न सक्छ ।

हुनत सरकारले कृषिमा धेरै लगानी गरेको पनि हो । सामुहिक खेति लगायत पशुपंक्षि तथा माछापालनमा अनुदान दिएकै हो सरकारले । तर बिशुद्ध किसान यी योजनाहरुबाट बञ्चित रहेको छ । सरकारी अनुदान यति प्रकृयामुखी छन् की ग्रामिण किसानको पहुँच भन्दा बाहिर भएको छ । किसान भन्दा गैर किसानको पहुँच भएको कारण कृषि योजनाहरु त्यति सफल देखिदैन । कृषिको अनुदान अनुसारको उपलब्धी हुन सकेको छैन । कृषिलाई सफल बनाउन सर्वप्रथम सिंचाइको आधुनिक व्यबस्था हुनुपर्छ । सिंचाइ बिना कृषिमा रुपमान्तरण आउन सक्दैन । सिंचाइका विभिन्न प्रविधिहरु छन ती मध्येका उपयुक्त प्रविधिहरु प्रयोगमा ल्याउनु पर्छ । नेपालका बिभिन्न जलाशय नदीहरुबाट डाइभर्सनगरी विभिन्न सुख्खा नदिहरुमा पानी झार्नु पर्छ । जसले बहुआयामिक लाभ दिन सक्छ । सिंचाइ, विद्युत उत्पादन, पर्यटन तथा वाटर रिचार्ज । नेपालको मुख्य कृषि क्षेत्र नै प्रदेश नं. २ हो । यस प्रदेशमा कृषि तथा भेटनरी क्याम्पसको अपरिहार्यता छ । कृषिमा आधुनिक प्रविधि र व्यवसायिक सोच आवश्यक छ । जसले युवालाई कृषिमा आकर्षण गर्न सक्छ ।

कृषि उत्पादनको वृद्धिले धेरै क्षेत्रमा प्रभाव पार्न सक्छ । त्यही उत्पादनबाट विभिन्न खाले बस्तु र परिकार बनाउन सकिन्छ । अहिले नेपालको एउटा समस्या आफूले उत्पादन गरेको अन्न प्रयोग नगरी बाहिरबाट प्रशोधित भएर आएका खाद्यबस्तुहरु प्रयोग गर्न थालिएको छ । जुन देशको हितमा छैन । यसले किसानलाई पनि बजारमुखि बनाएको छ । आफूले उब्जाएको धान, गहुँ, मकै, कोदो बेच्ने र बजारमा उपलब्ध पैकेटको चामल, पिठो, खाने । सरकारले कृषि प्राधिकरण स्थापना गरी कृषि उत्पादन र प्रशोधन देखि बजार व्यवस्थापन सम्म आफै गरे भने राज्यको जीडीपी बढ्नुको सासै दिर्धकालिन रोजगार सिर्जना हुनसक्छ । यसले राज्यलाई विकासको उत्कर्षमा पुऱ्याई देशलाई समृद्ध बनाउँछ र जनता सुखि तथा खुशी हुनसक्छन् ।

राज्यको समृद्धिको अर्को महत्वपूर्ण आयाम हो पर्यटन । देशमा बैदेशिक मुद्रा ल्याउने सबभन्दा सहज माध्यम । नेपाल बहुभाषिक, आर्थिक, सांस्कृतिक विविधताले मात्रै भरेको देश होइन । यो त भौगोलिक विविधताको साथै प्राकृतिक सौन्दर्यताले भरेको देश पनि हो । जल, जंगल, जनावर, हिमाल, धार्मिक स्थल र प्राचिन विभुतीहरुको जन्मस्थल भएको देश हो नेपाल । यसलाई सम्बर्द्धन र प्रवर्द्धन गर्न सक्नुपर्छ । यी धरोहोरहरुलाई विश्वकोलागि आकर्षणको केन्द्र बनाउनु पर्छ । पर्यटकीय व्यवसायलाई व्यवस्थित बनाउनुपर्छ । स्थानिय स्तरका विशेष परिकारहरुलाई होटल, रिसोर्ट, रेष्टुरेन्ट, क्याफे मार्फत प्रोत्साहन गर्नुपर्छ । यसले विश्वका अन्य राष्ट्रहरु भन्दा फरक स्वाद पर्यटकलाई दिनसक्छ । यहां जाती र क्षेत्र विशेषको खाद्य परिकारहरु तथा संस्कृति छन् । मिथिला भोजन, थारु भोजन, थकाली भोजन, नेवारी भोजन जस्ता धेरै फरक स्वादका भोजनका परिकारहरु छन् यहाँ । त्यसैगरी झिझिया नाच, जटजटिन नाच, मोहरम्म, झाँखी, रामलिला, डाण्डीया नाच, विभिन्न लोकगाथाहरुलाई प्रस्तुत गर्न सकिन्छ पर्यटक सामु । फिसिगं, घोडा-भैंसी राइडिगं जंगल सफारी, बोटिगं, बैलगाडी सवारी, कुस्ती, गित-नाच र विभिन्न स्थानीय उत्पादनबाट निर्मित परिकारहरुले पर्यटकहरुलाई प्रदेशमा आकर्षण गर्न सक्छ । यस्ता पैकेजहरुले पर्यटकको बास अवधि बढाउँछ । धार्मिक, तथा प्राकृतिक पर्यटनका उचित व्यवस्थापनले वैदेशिक तथा आन्तरिक पर्यटनमा वृद्धि गर्न सकिन्छ । कृषि पर्यटनकालागि ठूल-ठूला कृषि फारमको विकास गर्ने र त्याहाँ फारम हाउसहरु बनाउने योजना ल्याउनु पर्छ । प्रत्येक फारम हाउसमा फरक-फरक किसिमको उत्पादन गर्न र त्यही उत्पादनका परिकारहरु बनाउने । यसरी एउट प्रदेशमा ५-१० दिनको भ्रमण पैकेज बनाइ पर्यटकलाई घुमाउने । प्राकृतिक, ग्रामिण, धार्मिक, सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरी विश्वलाई नयाँ स्थानीय स्वाद दिन सकिन्छ । यी सवलाई सार्थक बनाउन व्यवहारिक शिक्षा पद्दती पनि लागु गर्नु पर्छ । माध्यामिक शिक्षालाई सैद्धान्तिक भन्दा व्यवहारिक बनाउनु पर्छ । अहिलेको अवस्थामा शिक्षा संचालन सबभन्दा चुनौतिपूर्ण कार्य भएको छ ।

निश्कर्ष :

समृद्धिका आधार व्यापक रहे पनि केही महत्वपूर्ण छन् । जस मध्ये व्यवसायिक कृषि र पर्यटन नै प्रमुख विकल्प हो । हुन त यस अवधारणलाई सार्थक बनाउन व्यापक अध्ययन अनुसन्धान तथा बहसको आवश्यकता छ । जसले यसको पूर्ण खाका दिन सक्छ । विश्वसंग नेपालले प्रतिस्पर्धा गर्न सक्ने क्षेत्र कृषि र पर्यटन नै हो । अन्य क्षेत्रमा विश्वसंग तत्काल नेपाल प्रतिशपर्धा गर्न सक्दैन । मल्टिनेशनल कम्पनीहरु धेरै अगाडी बढी सकेको अवस्था छ । प्रदेश सरकारले पनि स्थानिय उत्पादन तथा स्रोत साधनको प्रयोगमा जोड दिनुपर्छ । परनिर्भतालाई कम गर्दै जानुपर्छ । समृद्ध राज्यका लागि दिगो विकासमा ध्यान केन्द्रित गर्नुपर्छ । रोजगार सिर्जना मूलक तथा सर्वहितकारी योजनाहरु प्राथमिकता मा राख्नुपर्छ । राज्यका काम-काज बढी भन्दा बढी पारदर्शी र नियमसंगत बनाउनु पर्छ । राज्यका बहुसंख्यक वर्ग-समुदाय, लिंग र जातका समस्यालाई उचित सम्बोधन हुनुपर्छ । राज्यको मुलधारबाट बाहिर रहेका वा पछाडी परेका नागरिकको जीवनस्तर उठान हुनुपर्छ । नगर समृद्ध गर्न नागरिक खुशी पार्नुपर्छ । तसर्थ समृद्धिका मूख्य आधार स्थानीय स्रोत-साधन तथा ज्ञानमा आधारित रोजगार, कृषि-पर्यटन तथा व्यवहारिक शिक्षाको विकास गर्नुपर्छ । कृषिलाई बास्तविक किसानसंग, सामाजिक प्रतिष्ठासंग, आधुनिक प्रविधिसंग, व्यवसायिक उत्पादनसंग, रोजगार संग, उपभोक्तासंग, पर्यटनसंग, उद्योगसंग, दैनिक आवश्यकतासंग, विश्वबजारसंग, राज्यको अर्थ व्यवस्थासंग जोडनुको विकल्प छैन । कृषि उत्पादन र उपभोक्ता विचमा रहेका विचौलियाहरु नियन्त्रण हुनु आवश्यक छ । यसरी राज्यलाई आत्म निर्भर बनाउनसके हामीलाई जस्तोसुकै परिस्थितिमा अरुको मुख ताक्नुपर्ने अवस्था आउँदैन र यस्ता कोरोना होस् या छिमेकी देशहरुको विभिन्न वाहानामा धम्की नेपाली जनताले सहनु पर्ने हुँदैन । समग्रमा भन्दा नेपाल सरकारसंग रहेका विभिन्न समस्यालाई अवसर बनाउने यही मौका हो । किनभने नेपालका प्राय: युवा अहिले आफ्नै देशमा बस्नुपर्ने बाध्यताका साथ बेरोजगार भएर बसिरहेका छन् । तसर्थ यी यावत चुनौतिहरुलाई अवसरको रुपमा रुपान्तरण गर्नैपर्छ । त्यसका एकमात्र विकल्प हो व्यवसायिक, वैज्ञानिक तथा रोजगारमुलक कृषि । कृषि । कृषि । (मधेश दर्पण फिचर सेवा) ।

बेटा बेटी दोनो बराबर है । तै स बेटा बेटीमे भेदभाव नै कैरके दोके स्कुल भेजु ।

**कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

१. कसरी सर्छ कोरोना भाइरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

3. यसबाट बच्न के-के गर्ने ?
क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउंपालिका, कर्सिया, मोरंग, प्रदेश नं. १**

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

# अटोमेटिक पस्तोल सहित पाँच पक्राउ



विराटनगर। कोरोना भइरसको कारणले विराटनरमा निषेधाज्ञा जारी रहेकै वेला अटोमेटिक पेस्तोल सहित ५ जना अपराधिक व्यक्तिहरुलाई प्रहरीले पक्राउ गरको छ।

बिराटनगर उपमहानगर पालिका वडा नं. ४ कंचनवारी एरियाबाट अटोमेटिक पेस्तोल सहित पक्राउ पर्नेमा मोरङ कटहरी गाउँपालिका वडा नं. २ को अभिसेक राय, रविन शर्मा र किसन साहलाई प्रहरी पक्राउ गरेको छ।

त्यसै गरी पक्राउ पर्नेमा सप्तरी बोधेबर्साईन गाउँपालिका वडा नं. ८ क २७ नन्द किसोर साह र भारत बिहार राज्य सितामढी घर बताउने राजु साह रहेका छन।

उनिहरुलाई जिल्ला प्रहरी कार्यालय मोरङले मंगलबार साक्र पक्राउ गरी पत्रकार सम्मेलन मार्फत सार्बजनिक गरेको छ। पक्राउ परेकाहरुको साथबाट १ थान अटोमेटिक पेस्तोल, ३ राउण्ड गोली, १ थान को ३२ प ७५२५ नम्बरको मोटरसाईकल, विभिन्न कम्पनीको १६ थान मोवाईयल सेट, १ थान चक्कु बरामद भएको छ।

त्यसैगरी कोटाक महिन्द्रा नामको भारतिय बैङ्कको २ थान चेक र नगद नेपाली रुपैया १८ हजार २० र भारतिय रुपैया ४९ हजार ४ सय ५० समेत फेला पारी बरामद गरिएको उक्त कार्यालयले जनाएको छ।

पक्राउ परेका यो समुहले संगठित रुपमा अपराधिक समुह स्थापना गरी, विराटनगरलाई आपराधिक कार्यको स्थल बनाई व्यापारीहरुलाई हतियार देखाई पैसा माग्ने, पैसा नदिए ज्यानै मार्ने समेतको धाक धम्की दिई रकम असुल्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ।

साथै पक्राउ परेका पाँचै जना उपर हातहतियार खरखजना, अपराधिक लाभ, चोरी तथा संगठित अपराध सम्बन्धी मुद्दामा कारवाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# पर्दाभित्रको 'कम्यूनिस्ट' चरित्र

विद्युत लामिछाने

तपाईंको गाउँघरमा कम्युनिस्ट नेताको 'एजेन्डा' के हुन्छ? हाम्रोतिर त एउटा सूची हुन्छ कम्युनिस्टहरुको। गरिब, जनताको दिलमा बस्ने, किसानको भलो गर्ने, गाउँकै विकास गर्ने, सामन्तवादको विरोध गर्ने, सादा जीवन बिताउने, खुबै अध्ययन गर्ने, सारा जनताको मुक्तिको लागि काम गर्ने, जातीय छुवाछुत नमान्ने, दलितको मुक्तिको लागि अग्रसर हुने, जनता र नेता बराबरी हैसियतमा बस्ने सर्वहाराहरुको पार्टी नै कम्युनिस्ट पार्टी हो भन्ने त्यस्तो सूचीमा समेटिएको हुन्छ। कम्युनिस्टका हरेकजसो बैठक र भेलामा यिनै आदर्श सुनाइन्छ।

माओवादी हिंसाका बेलामा त अझै चर्का नारा हुन्थे भनेर अहिले पनि गाउँमा चर्चा हुन्छ यदाकदा। सामन्तवाददेखि विस्तारवादको अन्त्य नगरी विश्राम नलिने कसम खाएका कार्यकर्ता अहिले अमिलो अनुहार लिएर गाउँतिर घुमिरहेका देखिन्छन्।

गाउँका कम्युनिस्ट नेताहरुले भन्ने गरेका माथि उल्लेखित सबै आदर्शवाणी सत्य लाग्न सक्छ। किनभने आलोचनात्मक दृष्टिकोणसहित वस्तुलाई हेर्नुपर्ने भन्ने पाठ पठाउने कम्युनिस्टहरुले आफ्नै नेतालाई आलोचना गर्न भने सिकाएकै छैनन्। कार्यकर्ताले कम्युनिस्ट नेताहरुलाई आलोचनात्मक चेतसहित हेरेकै छैनन्। तिनलाई थाहै छैन नेपालका कम्युनिस्टहरुको जत्तिको दोहोरो चरित्र हुनै कमै हुन्छन् भन्ने। तिनलाई थाहै छैन तिनको सोझोपनको फाइदा उठाएरै तिनले गाउँगाउँमा त्यस्तो आदर्शको मुकुण्डो लगाएर जान सकेका हुन् भन्ने।

गोर्खामा होस् वा उदयपुर, हुम्ला होस् वा बारा, इलाम होस् वा अछाम, सोलु होस् वा जनकपुर जनसाधारणमा कम्युनिस्ट दलका बारेमा धेरै भ्रम छ। तिनले सर्वहारा शब्द सुनेका छन्। त्यसैले भन्छन् – कम्युनिस्ट नेताहरु हामीजस्तै सामान्य जीवनयापन गर्छन्। तिनलाई लाग्छ – कम्युनिस्टहरुको सबै सम्बन्ध त्यागको हो। त्यसमा नाफाघाटा हुन्न। नाफाघाटाको कुरा त पुँजीवादीहरुले मात्र गर्छन्।

हुन पनि गाउँ जाँदा अधिकांश कम्युनिस्ट नेताहरुले थोत्रा लुगाा लगाइदिन्छन्। क्रान्तिकारी गीत बजाइदिन्छन्। र, भन्छन् – हामी गरिबका नेता हौं। हामी सामन्ती छैनौं। हामी सबैलाई समान गर्छौं। अनि सोझा जनतालाई हो झैं लाग्छ। पत्याइदिन्छन्। अझै अगाडि बढेर कम्युनिस्ट नेताहरु भन्छन् – हामी दलाल पुँजीपती होइनौं। हामी निजी सम्पत्ति राख्दैनौं। हामी नोकरशाही चरित्रका छैनौं। हामी फाइदाको सम्बन्ध राख्दैनौं।

सत्य भने तिनको कथनीभन्दा धेरै पर छ। सायद सबैभन्दा धेरै नोकरशाही चरित्र कम्युनिस्टहरुमै छ।

अब बेला भएको छ कम्युनिस्ट पार्टीको दोहोरो चरित्रका बारेमा जनताले जान्ने, बुझ्ने र बुझाउने। कम्युनिस्टहरुले गरिबलाई 'भोट बैंक' बनाएका छन् र गरिबीलाई आफ्नो ब्रान्ड। जति गरिब, अशिक्षित र सर्वहाराको संख्या बढ्छ त्यति नै कम्युनिस्ट पार्टीका नेताको राजनीतिक व्यवसाय फस्टाउँछ। काठमाडौं बाट हेर्दा यी कुरा कम्युनिस्ट पार्टीलाई लगाइएको आरोपमात्र हो जस्तो लाग्नसक्छ तर गाउँगाउँमा भइरहेको भने यही छ।

दशकौंदेखि गाउँका मानिसलाई हसिँया र हथौडा नै गरिबहरुको साथी हो भनेर सिकाइएको छ। त्यो छाप मेटिन निकै समय लाग्छ। गाउँगाउँमा मानिसमा हसिँया र हथौडाप्रति भएको भ्रम र एक खालको विश्वासकै कारण त होला अधिकांश नेता घनघोर दलाल र बिचौलिया भइसक्दा पनि कम्युनिस्ट नाम, त्यो झन्डा र त्यो चुनाव चिन्ह छाड्न सकेका छैनन् कम्युनिस्ट पार्टीहरुले।

आजको नेपालमा सबैभन्दा बढी दलाल, बिचौलिया र नाफाखोर कम्युनिस्टकै नाम भजाएर सत्तामा पुगेको नेपाल कम्युनिस्ट पार्टीभित्रै छन्। गाउँगाउँका गरिब र सोझाहरुलाई के थाहा सबैभन्दा ठूलो कम्युनिस्ट पार्टीको अध्यक्ष एउटा ठेकेदारको घरमा भाडामा त बस्छन् तर ती ठेकेदारले निर्माणको ठेक्काका नाममा राज्यको अर्बौं रुपैयाँ तिनकै आडमा हिनामिना पनि गर्छन् भन्ने। ती गाउँका साधारण जनतालाई के थाहा कम्युनिस्ट सरकार आफ्नै नातागोतालाई मात्र नियुक्ति दिन्छ र तर्कको जलपमा त्यसलाई जोगाउँछ भनेर।

गाउँठाउँका सोझा जनतालाई के थाहा कम्युनिस्ट नेताहरुले गाउँमा जग्गा भए पनि सुकुमवासीको नाममा सहरको जग्गा पनि हडप्छन् भन्ने? तिनलाई के थाहा सुकुमवासीकै नाममा जग्गा कुम्ल्याउनेहरु पनि गाउँ पसेर ठूलै नैतिकताको भाषण गर्छन् भन्ने। गाउँगाउँका जनतालाई के थाहा हरेकजसो शक्तिशाली कम्युनिस्ट नेताले आफ्नो खर्च धान्न राज्यको ढुकुटीबाट ठूला व्यापारी पोसेका छन् भन्ने।

अझै पनि गाउँगाउँ र कतिपय बजार क्षेत्रकै जनतालाई के थाहा हरेक वर्षजसो दुर्घटना भएर दर्जनौंको ज्यान लिने ज्यानमारा पहाडको बाटोको ठेक्का कुनै कम्युनिस्ट नेताकै घरबेटीले पाएका छन् भनेर? तिनलाई के थाहा तिनले नुनतेल किन्दासमेत तिरेको अप्रत्यक्ष करबाट ७० करोड गोजीमा हाल्न कोही कम्युनिस्ट नेता नै उद्यत थियो भनेर? तिनलाई के थाहा महामारीको बेलामा समेत कम्युनिस्ट सरकारले तिनले तिरेको करबाट पैसा हिनामिना गरेको थियो भनेर।

अझै व्यावहारिक प्रश्न सोधौं – एकातिर दाइजो प्रथाको विरोध गर्ने तर अर्कोतिर आफ्नो सम्पत्तिको स्रोतमा पत्नीको पेवा र दाइजो लेख्ने कम्युनिस्ट नेताहरु कति जना होलान्? एकातिर बुर्जुवा शिक्षाको विरोध गर्ने तर आफ्ना छोराछोरीलाई भव्य निजी विद्यालयमा पढाउने कति कम्युनिस्ट नेता छन् भन्ने। एकातिर गरिबी बेच्ने तर अर्कोतिर बिहान 'ननभेज' र बेलुका 'भेज' नखाई नहुने कति कम्युनिस्ट नेता होलान्? न आज कतिजना कम्युनिस्ट नेताहरु खुट्टाले हिँड्छन् होला यात्रा गर्दा? कतिजना कम्युनिस्ट नेताहरु सामान्य घरमा बस्छन्? कतिजना कम्युनिस्ट नेताहरुले काठमाडौंमा घर नबनाएका होलान्? कतिजना कम्युनिस्ट नेताले सर्वहाराको परिवारमा आफ्नो छोराछोरीको विवाह गरिदिएका होलान्? कतिजना कम्युनिस्ट नेताले आफ्ना छोराछोरीलाई विदेश पढाउन प्रयास नगरेका होलान्? कतिजना कम्युनिस्ट नेता बिरामी पर्दा सामान्य जनताजस्तो पालो पर्खेर सरकारी अस्पतालमा उपचार गर्लान्? हो यी प्रश्नहरुले जवाफ खोज्न थालेको दिन बल्ल गाउँघरका जनताले कम्युनिस्ट को हुन् भन्ने चिन्ने छन्।

जनताले माथि उल्लेखित प्रश्नहरुको जवाफ जहिले खोज्न थाल्छन् तब थाहा पाउनेछन् निर्वाचन र अरु बेला पनि यदाकदा गाउँ पुग्ने हरेक नेताले काठमाडौंमा आलिसान महल तिनै सोझा जनता ठगेर बनाएका हुन्। तिनले बुझ्ने छन् कम्युनिस्ट दर्शन बेचेर गाउँका साना विद्यालय भत्काउन लगाउने नेताहरुले आफ्ना छोराछोरीलाई कुन कमाइले विदेश पढाए भनेर। त्यो दिन बुझ्नेछन् कसरी तिनको रगतपसिना निचोरेर सत्तामा बस्नेहरुले रजाइँ गरेका छन् भनेर। त्यसदिन बुझ्नेछन् तिनको पीडा सुन्दै नसुन्ने कम्युनिस्ट पार्टीका प्रधानमन्त्रीले किन कुनै खास व्यापारीका लागि जग्गा दान दिँदै हिँड्छन् भनेर।

यो सत्य नबुझ्दासम्म भने जनता कम्युनिस्ट नेताहरुको कोरा भाषण र आदर्शबाट पटकपटक ठगिएकै हुनेछन्। र यो ठगिने सिलसिला अझै पनि जारी रहन्छ। हसिँया हथौडा अंकित एउटा सदस्यताको चिर्कटो बोकेर गाउँ

वांकी अन्तिम पेजमा...

# स्वास्थ्य

## फाईदा मात्र होइन कागतीका वेफाइदा पनि

कागती बहुउपयोगी फल हो। यसको सेवन स्वास्थ्यका लागि फाइदाजनक मानिनुका साथै सौन्दर्यमा पनि यसको उपयोगिता उत्तिकै छ।

पानीमा कागतीको रस निचोरेर पिउनाले शरीरलाई भिटामिन सी, पोटासियम र फाइबर मिल्छ। तर, यसको अत्यधिक सेवन गर्नाले हाम्रो शरीरलाई नकारात्मक असर पनि गर्न सक्छ।

कागतीमा पाइने सिट्रस एसिडले दाँतलाई हानी पुऱ्याउन सक्छ। यदि तपाईं धेरै मात्रामा कागतीको सेवन गर्नुहुन्छ भने दाँत कुँडिने वा झन्झनाहट हुने समस्या आउन सक्छ। अरु के(के बेफाइदा गर्छ त कागतीले ?

१. पेट खराब हुने

यदि तपाईं दैनिक कागतीको रस वा अमिलोको अत्याधिक सेवन गर्नुहुन्छ भने तपाईंको पेट खराब हुन सक्छ, किनभने कागतीमा एसिडको मात्रा धेरै हुन्छ। हाम्रो पेटले त्यसलाई पचाउन सक्दैन र पेट दुख्ने, उल्टि आउने सम्भावना हुन्छ।

२. दाँत झन्झनाउने

माथि नै भनियो कि कागतीमा हुने सिट्रस एसिडले दाँतलाई असर गर्छ। यदि तपाईंलाई कागती पानी पिउन छ भने सकभर स्ट्रले पिउने गर्नुहोस्। यसो गर्नाले कागती पानीले दाँतलाई छुन सक्दैन। अन्यथा दाँतमा तातो चिसो लाग्ने वा झन्झनाहट हुने समस्या हुन सक्छ।



३. डिहाइड्रेसन

कागती पानी पिउनाले बारम्बार पिसाब आउने समस्या हुन्छ, जसले शरीरमा पानीको कमी हुन सक्छ र डिहाइड्रेसन हुन्छ।

४. माइग्रेन र टाउको दुख्ने

कागती धेरै सेवन गर्नाले लगातार टाउको दुख्ने र माइग्रेनको समस्या पनि हुन सक्छ। यसमा पर्याप्त मात्रामा एमिनो एसिड हुन्छ जसले हाम्रो दिमागमा रक्तप्रवाहलाई अचानक तेज बनाइदिन्छ। यसैकारण धेरै टाउको दुख्ने र माइग्रेन हुन सक्छ।

५ मिर्गौला र पित्ताशयको थैलीको समस्या

कागतीमा अक्सलेट पनि हुन्छ, जुन धेरै सेवन गर्नाले शरीरमा गएर पत्थर बन्न सक्छ। यस्तो क्रिस्टलाईज अक्सलेटले मिर्गौला र पित्ताशयको थैलीमा स्टोनको रुप लिन सक्छ।

६. छाला डढ्ने

हुन त हामी कागतीलाई सुन्दरताको लागि प्रयोग गर्छौं तर कागतीको अत्यधिक प्रयोगले हाम्रो छालामा सनबर्नको समस्या पनि हुन सक्छ।


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाइरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु,

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**जहदा गाउंपालिका, मझारे, मोरंग, प्रदेश नं. १**

# थप सुरक्षित र सतर्क रहन प्रेरणा : रौनियार




विराटनगर। कारोना पोजिटिभ भएका सुनसरी दुहवीको पत्रकार चन्दन रौनियरले ११ दिनको आसुलेन पश्चिात कोरानालाई पराजीत गर्दै अगामी दिनमान थप सर्तक र सुरक्षित बन्न प्रेरणा मिलेको बताएको छ।

सुनसरीको दुहवीवाट कोरोना संम्वन्धी समाचार अग्रपंतिमा रही समाचार संकलनकै क्रममा स्वास्थ्य अवस्था केही असमान्य लागेपछि कोरोना परिक्षण गराउँदा रिपोर्ट पोजिटिभ आएपछि प्रदेश नं. १ मोरंगको सुनदर हरैचा स्थित प्रदेश सरकारले बनाएको आसुलेसनमा ११ दिनका बसाई पछि हिजो कोरोनालाई परास्त गरी घर फर्केको छ।

कोरोनालाई जितेर घर फर्केपछि समाजले विभेद नगरी सम्मान गरेको भनाई पत्रकार चन्दन रौनियारको छ। समाजमा कसैलाई कोरोना संक्रमण हुँदा समाजको हेर्ने दृष्टिकोण फरक हुन्छ भनेर सुनेको थिए तर त्यस्तो हुँदैन मैले त समाजवाट सम्मान नै पाए।

आईसोलेशनमा बसेको ११ दिन पनि सोही स्थानवाट रिपोटिङ्ग गरि रहेका थिए। साथी भाई संग नाचगान, योगा, नियमित खानपिन गरी निडर भएर दृढ इच्छा शक्ति भए कोरोनालाई पराजित गर्न सजिलो छ रौनियारको भनाई छ।

कोरोना संक्रमण पुष्टी भएमामा आत्तिनु हुँदैन, दृढ इच्छा शक्ति, उच्च मनोबल र स्वास्थ्य कर्मीहरुले दिएका निर्देशन पालन गरेमा कोरोना अनिवार्य प्रास्त हुन्छ। रौनियार १४ दिन होम आइसोलेशनमा बसी १५ औ दिनमा नियमित काममा फर्किने वताए।

साथै रौनियारले भने म सङ्क्रमित भएदेखि नै मरो स्वास्थ्य अवस्थाको बिषयमा चासो र चिन्ता लिएर मेरो हौसला बढाउन लागि प्रदेश सरकारका माननिय मन्त्री तथा सासंद ज्यूहरु, नागरिक समाजका अगुवा, नेपाल पत्रकार महासंघ, प्रदेश तथा जिल्ला शाखाका सम्पूर्ण पदाधिकारी एवं अग्रजरसहकर्मी पत्रकार साथीहरु, जनप्रतिनिधिहरु, अस्पतालका सम्पूर्ण स्वास्थ्यकर्मीहरु र समाजिक संजाल फेशबुक, इमो, वाटसप, टिकटक, भाइबरको सुभचिन्तक हरु, दुहबी वडा ६ का अध्यक्ष सहितको सदस्य ज्युहरु, बिभिन्न संघठनका अध्यक्ष पधिकारीहरु, आफ्नतजनहरु सबैमा हार्दिक आभार व्यक्त गरेको छ।

कोरोनाबाट कोही पनि नडराऔं, नअत्तालिऔं, सुरतक्षित र सर्तक बन्ने कोशिस गरौं वहांको भनाई छ।

# बन्दाबन्दी सम्बन्धमा ७७ बटै जिल्ला प्रशासनलाई निर्देशन

काठमाण्डौ। निषेधाज्ञा र बन्दाबन्दी सम्बन्धमा नेपाल सरकारले ७७ बटै जिल्लालाई निषेधाज्ञा र बन्दाबन्दी सम्बन्धी निर्देशन जारी गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलन मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले कोभिड-१९ को सङ्क्रमणलाई रोक्नका लागि ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा निषेधाज्ञा र २०० भन्दा बढी सङ्क्रमण भएका जिल्लामा बन्दाबन्दी गर्न ७७ बटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइसकेको बताए।

नेपालका ७७ जिल्ला मध्ये ५ सय भन्दा वढी कोरोना संक्रमित भएका १२ वटा जिल्ला रहेका छन्। सङ्क्रमित भएका जिल्लाहरुमा मोरङ, सुनसरी, बारा, महोत्तरी, धनुषा, रौतहट, सर्लाही, पर्सा, चितवन, काठमाडौं, ललितपुर र रुपन्दही रहेका छन्। अक्सफोर्ड पोलेसि म्यानेजमेन्टले गरेको नेपालमा कोभिड-१९ को सङ्क्रमितको सर्वेक्षणमा भ्रममा नपर्ने डा.गोतमले सवैमा आग्रह समत गरको छ।

कोभिड-१९ को खोप विश्वमा बनेर परीक्षणको क्रममा रहेको भन्दै खोपको सफल परीक्षणपश्चात नेपालमा समेत ल्याइने जानकारी डा. गोतमले दिएका थिए।

त्यस्तै मन्त्रालयले सोह्र श्राद्ध भर्चुअल विधिबाट गर्नसमेत आग्रह गरेको छ। कोरोना अहिलेसम्म नेपालमा ४१ हजार ६४९ जना कोभिड-१९ को सङ्क्रमण देखिएको छ जसमध्ये अहिलेसम्म २३ हजार २ सय ९० जना निको भएर घर फर्किएका छन्।

# सिबीआईद्वारा निपक्ष छानविनको माग

विराटनगर। मेदान्त अस्पताल दिल्लीमा कार्यरत विराटनगर महानगर पालिका वडा नं. १३ निवासी डा. सुजित कुमार साहको हत्या वा आत्महत्या भएको सम्बन्धमा सीबीआइद्धारा जाँचको माग गरेको छ।

नरेन्द्र प्रसाद साहको छारो डा. सुजित कुमार साहको असामयिक निधन प्रति भारत नेपाल सामाजिक सांस्कृतिक मंच को अध्यक्ष राजेश कुमार शर्माले समवेदना व्यक्त गर्दै डा. साहको हत्या वा आत्महत्याको विषयमा निष्पक्ष छानविनको लागि सीबीआई जांचका माग गरेका हो।

डा. साह को अप्राकृतिक निधन प्रति मर्माहत हुदै दिवंगत चिकित्सक को परिवार प्रति पुर्ण सम्वेदना सहित दुवै देशको एक अपूर्ण क्षती भएको बताउदै चिकित्सक साहको मृत्युको निष्पक्ष छानबीन पहल भई रहेको शर्माले वताए।

संचार माध्यमहरुले डा. साहका मृत्यु आत्महत्या बताएपनि घटनाको गहन अनुसन्धानको लागी राज्य सरकारलाई सीबीआई जांच माग गरेका छ।

# परिवार भित्रै लैंगिक विभेद

हेमराज दाहाल

प्रसंग तीन महिनाअगाडिको हो। मेरो छिमेकी दाजुका तीनजना छोरी छन्। हाम्रोजस्तो देशको परिवारका लागि पाँचजनाको परिवार पूर्ण नै हो। तर पनि उहाँलाई अझै एउटा छोराको इच्छा थियो। भाउजू गर्भवती हुनुभयो। त्यो गर्भमा छोरा छ भने जन्म दिने, छोरी भए गर्भपतन गर्ने भन्ने निर्णयमा पुगेकाले त्यो गर्भमा छोरी भएको कुरा अहिलेको आधुनिक प्रविधिले पत्ता लगायोस गर्भपतन गरियो तर भाउजूको मनसाय भने थिएन। सन्तान ईश्वरका वरदान मान्ने, धर्मपुत्र/धर्मपुत्री पाल्ने यो समाज आज आफ्नो सन्तानलाई जन्माउनुअगाडि नै मृत्युवरण गराउने इच्छा मलाई लाग्छस कुनै आमाको हुँदैन। उहाँले सामाजिक कुसंस्कारको परिबन्दमा परेर गर्भपतन गराउनुभयो। उहाँहरूलाई यो लकडाउनको अप्ठ्यारोले पनि केही असर पारेन गर्भपतनका लागि। हामी जन्मिनेबित्तिकै लैंगिक विभेद भएको छ भन्छौं। तर यहाँ गर्भमै छोरी भए तुहाउने गरिन्छ।

पहिले-पहिले छोरीलाई लक्ष्मी भनी पुज्थ्यौं तर अहिले अलक्षिनीको संज्ञा दिइन्छ। आफ्ना सन्तानै मार्ने हत्यारा घरघरमा छन्। निर्दोष शिशुलाई मारिरहेका छन्। अझ कतिपयले त बिहे हुनुपूर्व नै लुकिछिपी यौन सम्बन्ध राख्ने गरेकाले गर्भपतन गर्ने प्रचलन धेरै छ। खुलारूपमा गर्भपतनका औषधि बजारमा छ्यापछ्याप्ती पाइनुले पनि यो समस्या विकराल बन्दै गइरहेको छ। प्रसिद्ध लेखिका तसलीमा नसरिनको 'बिग्रेकी केटी' (सन् १९९३) किताबको 'भावनाको भास्कर्य' शीर्षकअन्तर्गत पेज नम्बर १२०, अनुच्छेद ३ मा लेख्नुहुन्छ, 'गर्भ स्त्रीको हो। त्यस गर्भमा केही धारण गर्न वा गर्भपतन गर्नका लागि स्त्रीका लागि स्त्रीको निर्णय नै अन्तिम हुनुपर्छ। त्यस गर्भमा कुनै पनि पुरुष या राष्ट्रको अधिकार व्यक्त गर्नु हुँदैन। जबसम्म स्त्रीलाई गर्भपात या गर्भधारणको स्वतन्त्रता प्राप्त हुँदैन, त्यतिखेरसम्म कुनै पनि स्त्रीलाई 'मासुको थुप्रो' भन्न मलाई कुनै द्विविधा छैन।'

केही समयअगाडि प्राध्यापक साथीकी छोरी भएकोमा मैले बधाई दिएको थिएँ। सोचेको थिएँ धन्यवाद भन्छन् होला भनेर, तर उनले गाली गर्दै भने, 'केको बधाई ? छोरा जन्मिएको भए पो बधाई लिनुहुन्थ्यो।' यो संवादले हाम्रो समाज, सोच र व्यवहार झल्काउँछ। जन्मिनेबित्तिकै छोरीले प्राध्यापक बुवाबाटै विभेद भोग्नुपरेको छ। समाजलाई नेतृत्व गर्ने, शिक्षा दिने व्यक्तिबाट त यस्तो घृणित व्यवहार छ भने गाउँ वा दूरदराजमा रहेकाको स्थिति के छ होला ? अनि कसरी छोरीले माया, स्नेह र सम्मान पाउँछिन् ? समाज जति नै शिक्षित भए पनि हाम्रो सोच परिवर्तन नभएसम्म कतै पुगिँदैन। भनिन्छ- निदाएको मान्छेलाई ब्युँझाउन सजिलो छ तर निदाएको बहाना गर्नेलाई जे गरे पनि ब्युँझाउन सकिँदैन।

अब परिवारभित्रैको विभेदको कुरा गरौं। जसले जे भने पनि केही अपवादबाहेक हाम्रो परिवारको संरचना पितृसत्तात्मक नै छ। परिवार वा समुदायमा केही निर्णय लिँदा महिलाले केही धारणा राखे भने 'पोथी बासेको राम्रो हुँदैन' भन्ने चलन छ। घरमै बोल्न दिइँदैन। छोरीचेलीलाई स्वतन्त्रता दिइँदैन। अपमानित गरिन्छ। उनीहरूको क्षमतामाथि प्रश्न उठाइन्छ। अनि उनीहरूको आत्मविश्वास सदाका लागि मरेर जान्छ। महिलासँग पनि क्षमता र विचार हुन्छ, सम्मान गर्नुपर्छ, विचारको कदर गर्नुपर्छ भन्ने कुरा हाम्रो समाजले बुझेकै छैन। जुन हाम्रो समाज विकासका लागि निकै पीडादायी र लज्जित विषय पनि हो।

अर्कातर्फ समाजमा जरो गाडेर रहेको समस्या भनेको घरेलु हिंसा हो। त्यसका केही उदाहरण हेरौं। पत्नीले पतिलाई खुवाएपछि मात्र आफूले खानुपर्ने, पतिले पहिले खान नहुने, पतिले नै खाएकै जुठो थालमा पत्नीले खानुपर्ने यो कस्तो प्रथा हो ? यस्तो कुचलन अझै हाम्रो घरपरिवारभित्रै छ। खाने विषयमा त पतिको अनुमति चाहिने यो मेरो देशमा अन्य महत्त्वपूर्ण काम गर्दा त झन् महिलालाई समाहित गरिन्छ त ? एकपटक सोचौं त ? अहँ, गरिँदैन। यसबाट के प्रस्ट हुन्छ भने महिलालाई दबाइएको छ। हेपिएको छ। कमजोर ठानिएको छ।

परिवारको सर्वसत्तावाद पुरुषमै निहित छ। सहरबजारका महिला त अलि शिक्षित छन्। उनीहरू आफूलाई अन्याय भएको बुझ्न सक्छन्स बोल्न पनिस विरोध पनि गर्छन् तर गाउँमा त त्यस्तो छैन। प्रायः अशिक्षित नै छन्। बरु उल्टै यी त महिलाका निम्ति बनाएका नियम हुन्। यो हामीले पालना गर्नुपर्छ भन्ने बुझाइ महिलाको छ। हुन त धूमपान वा मद्यपान स्वास्थ्यका लागि हानिकारक हुन् तर पनि एउटै घरमा बुवाले आमाका अगाडि खुलारूपमा धूमपान वा मद्यपान गर्न हुने तर महिलाले किन बाथरुमभित्र लुकेर खानुपर्ने ? ती र यस्ता अव्यक्त भावना आफ्ना मनमा रहेका पीडा, दुःखसुःख, रोदनलाई बिसाउने ठाउँ नै पाउँदैनन् कुनाकन्दराका महिलाले। माइती वा तीजपर्वका अवसरमा वर्षको एकपटक भए पनि दुःखसुःख साट्ने गर्छन्।

छोरीलाई सानैदेखि परिवारले लज्जालु हुन सिकायोस कोमल हुन सिकायो भने छोरालाई चाहिँ विद्रोही, बहादुर तथा कडा स्वभावको। जस्तो भनौं, छोरालाई बन्दुक खैलौना ल्याइन्छ र बहादुरीको पहिचान दिन खोजिन्छ तर त्यही घरकी छोरीलाई चाहिँ भाँडाकुटी वा भनौं गुडिया ल्याइदिई घर व्यवहारको सांकेतिक सुरुवात गरिन्छ। कोमल हुन सिकाइन्छ। तिमीचाहिँ घरव्यवहारमै रमाउनुपर्छस सीमित हुनुपर्छ भनिन्छ। कमजोर सावित गर्न खोजिन्छ। यो नै यथार्थमा हिंसाको सुरुवाती पक्ष हो।

नेपालको संविधान २०७२ को धारा ३८ महिलाका हकमा 'महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन।' भनिएको छ। संविधान त बन्यो तर संस्कार परिवर्तन भएन। महिलाकै लागि भनेर ३३ प्रतिशत आरक्षणको व्यवस्था छ तर अवसर छैन। सन्दर्भ र सिद्धान्त जति नै परिवर्तन भए पनि समाजले एउटी नारीलाई हेर्ने सोचमा व्यावहारिक परिवर्तन नभएसम्म महिला हिंसा रहिरहन्छ। नारीलाई आधा आकाश ढाक्ने हुन् भन्ने कुरा त्यतिबेला सार्थक हुन्छ जतिबेला उनीहरूलाई आत्मसम्मानका साथ छाती फुलाएर गर्व गर्न सक्ने वातावरण सिर्जना हुन्छ।

एकजना राष्ट्रपति महिला हुँदैमा, प्रधानन्यायाधीश हुँदैमा, सभामुख हुँदैमा सम्पूर्ण महिलाको अधिकार सुनिश्चित हुन्छ भन्नु त गलत हुन्छ। आरक्षणका आधारमा महिला कुनै पदमा पुगेको उदाहरण दिँदै महिला-पुरुष समान छौं भन्नु गलत हो। स्वामी विवेकानन्दले भनेका छन्, 'संसारलाई परिवर्तन गर्नुपूर्व आफूले आफैंलाई परिवर्तन गर्नुपर्छ।' विभेदरहित समाजको परिकल्पना गर्न हरेक व्यक्ति, परिवार, समुदायले सकारात्मक सोचौं। महिलाले यो गर्न हुन्छ, यो गर्न हुँदैन भनेर सीमा निर्धारण नगरौं। महिला भएकै आधारमा उचनीचको व्यवहार नगरौं। विभेदरहित समाज निर्माणमा हातेमालो गरौं। जसको सुरुवात तपाईंहाम्रै परिवारबाटै गरौं।

अन्त्यमा, जबसम्म पुरुषवादी समाजलाई यी र यस्ता कुराको जानकारी हुँदैन र महिलालाई जानकारी भएर पनि अन्यायको भण्डाफोर गर्ने आँट, साहस आउँदैन तबसम्म परिवर्तनलाई घाममा सुकाउनुजस्तै हो। नेपालको सन्दर्भमा हामी पुरुष ५१ प्रतिशत नारीलाई हामी घर र समाजरूपी झ्यालखानामा बन्द गरेर सभ्यता परिर्वतनका नाममा बढेका छौं। नीतिनियम राज्यले ल्याउने हो, त्यो ल्याएकै छ अब बाँकी छ त हाम्रो संस्कार र सोचमा परिवर्तन ल्याउन। 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' भनेर त वैदिककालमै नारीलाई सम्मान गरिएका प्रमाण धार्मिक ग्रन्थहरूमा सुरक्षित छन् तर हामी सभ्यताका विकासक्रममा कहाँ पुग्यौं ? जसले हामीलाइ यति कठोर बनायो अबको चिन्तनको विषय यही छ, होइन र ? अनपुर्णपोष्टबाट


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाइरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु,

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**सुनबर्सि नगरपालिका, डाईनिया, मोरंग, प्रदेश नं. १**

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०